# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## फालेलुङ गाउँपालिका
## पाँचथर

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## फालेलुङ गाउँपालिका
## पाँचथर

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

फालेलुङ गाउँपालिका

पाँचथर

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन र नियमलाई आधार लिइएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सोउपर प्राप्त प्रतिक्रियासमेत विचार गरी रायसहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवम् कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवम् जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवम् परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितासमेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धतालगायतका सीमा रहेतापनि स्थानीय तहसम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ । यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोराउपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजनासमेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नुपर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारीरूपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्र्यौटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेकोजस्ता व्यहोरा देखिएका छन् । त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरासहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षितरूपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरूउपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**जेठ, २०८१** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

कोशी प्रदेश

मितिः २०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. ४३

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
फालेलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
थकेपुङ, पाँचथर ।

१. **कैफियतसहितको राय** – हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार** –

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोषलगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरूपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. २ करोड २२ लाख ४४ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रू. २ करोड २ लाख ९१ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. १७ लाख ८३ हजार र पेस्की बाँकी रू. १ लाख ७० हजारसमेत गरी यस वर्ष रू. १९ लाख ५३ हजार बेरुजु कायम रहेको छ । यस पालिकाको गत वर्षसम्म रू. १७ करोड ७२ लाख १७ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रू. १४ करोड ९४ लाख ८६ हजार रहेको छ । यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गमादर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिताअनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

३. **अन्य व्यहोरा-** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व सङ्कलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवम् कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरणउपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी —** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी यस गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी —** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूतरूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समयजस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)

**नायब महालेखापरीक्षक**

# फालेलुङ गाउँपालिका

## पाँचथर जिल्ला

### १. चालु वर्ष २०७९।८० को बेरुजु

**बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)**

(रू. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ८६ | ६१ | २२२४४ | ० | ४९ | २०२९१ | ८७ | १२ | १९५३ | १७८३ | ० | ० | ० | ० | ० | १७० |

### २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पाँचथर | १७७२१७ | ० | २९६८४ | १४७५३३ | ० | १९५३ | १४९४८६ |

### ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १. | २०७९।८० (चालु वर्षको) | ४४ | सहकारी संस्थालाई अनुदान | ३१२०००० |
| | | ५२ | बिमा दाबी नगरेको | १८९७८४ |
| | | ५६ | अन्य डिपि.आर. निर्माण खर्च | ६५३११३६ |
| | | ५७ | मूल्य समायोजन | २३२८२१५ |
| | | ६१ | लागत अनुमान | २०८६९२ |
| | | ६२ | डिपि.आर. को लागत अनुमान | १४९६५५३ |

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | | ६३ | परामर्श सेवा | ५०००00 |
| | | ७१ | समानुपातिक कट्टी | ३५८४५ |
| | | ७२ | पारिश्रमिक कर | २६७५० |
| | | ७४.८ | छात्रबृति निकासा | ८४०० |
| | | ७४.९ | बिद्यार्थी लगतका आधारमा सिकाई | २७९०० |
| | | ७४.११ | शोधभर्ना प्राप्त हुनुपर्ने | ५६८२८५० |
| | | ७५ | बिद्यार्थीका लागि पोशाक खरिद | ७२२०७ |
| | | ७६ | बिद्यालयलाई वढी निकासा | ६३००० |
| | **चालु वर्षको जम्मा** | - | - | **२०२९१३३२** |
| | गत विगत वर्ष तर्फको | - | - | - |
| २. | २०७८।७९ | विभिन्न | प्रमाण पेश, नियमित तथा असुल भइ फस्यौंट | ४०१९१११ |
| ३. | २०७७।७८ | ४१ | पूर्व निर्धारित क्षतिपूर्ति असुल | २६४४६६ |
| ४. | २०७४।७५ | ३४.१ | २ वटा मोटरसाइकल खरिद गरेको अनियमित देखिएको रु. | ४३५८०० |
| | | ३७ | पालिकाले एकीकृत बस्ती व्यवस्थापनका लागि ४२ वटा घरहरु निर्माण कार्य गरेको तर बस्ती सञ्चालन सम्बन्धी कुनै कार्यविधि तथा विस्तृत अध्ययन प्रतिवेदन तयार नभएकोले अनियमित देखिएको रु. | १७०००00 |
| ५. | २०७५।७६ | ६८ | एकै प्रकृतिको औषधि विभिन्न सप्लायर्सबाट खरिद गरेको अनियमित | ५९७९१६ |
| | | २८ | सिद्धदेवी मा.वि. सिदिनको भवन निर्माणको लागि निकासा गरिएको रकमको लागत अनुमान तथा कार्यसम्पन्न प्रतिवेदन सहित खर्च पुष्टी हुने प्रमाण पेश नभएको रु. | १००००00 |
| | | ५१ | हात्तीपाइले रोकथाम औषधि वितरण कार्यक्रममा निर्देशिकाले तोकेको दरभन्दा बढी दरमा गरेको खर्च अनियमित भएको रु. | ४५७००० |
| | | ६४ | राजेन्द्र खत्रीलाई बढी ग्रेड भुक्नानी रु. | २४३८ |
| | | ९.३ | सामाजिक सुरक्षा भत्ता पालिकाले आफ्नो संचितकोष खाताबाट भुक्तानी दिएको अनियमित देखिएको रु. | ५१८४४० |
| | | ३१ | वार्षिक बजेट बेगर पालिकाका पदाधिकारी र विषयगत शाखा प्रमुखलाई भ्रमण बापत गरिएको खर्च अनियमित पाइएको रु. | ५०५६७५ |
| ६. | २०७६।७७ | ४५ | भैपरी आउने पुंजीगत खर्चको बिलभरपाई पेश नभएको रु. | ३२५८१२ |
| | | २९ | समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता भुक्तानी गरेको अनियमित देखिएको रु. | ७१९८०६३ |
| | | ३४ | च्याउको बीउ खरिद गरिएको भन्दा कम बितरण भएकोले बढी भुक्तानी भएको रु. | २६५०० |
| | | ३५ | आन्तरिक प्रशिक्षकलाई बढी भत्ता भुक्तानी रु. | ३०६० |
| | | | १.मौसम ढुंगेल रु.१०२०।- | |
| | | | २.देवानन्द चौधरी रु.१०२०।- | |
| | | | ३.निरज कुमार चौधरी रु.१०२०।- | |

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | | ४० | प्राविधिक र समायोजन ग्रेड बढी भुक्तानी रु. | ११४५३६ |
| | | | १.सुरजकुमार पासवान रु.१८८०।- | |
| | | | २.गणेश थोक्लिहाङ रु.१७७४ | |
| | | | ३.हरिप्रसाद बाँस्कोटा रु.१८८०।- | |
| | | | ४.ईन्द्रकुमारी राई रु.१७७४।- | |
| | | | ५. चन्द्रेश्वर यादव रु.३३३४६।- | |
| | | | ६.बालगोविन्द शाह रु.३०३४६।- | |
| | | | ७.संगिता चापागाईं रु.२७९७०।- | |
| | | | ८.हर्कमाया जवेगु रु.१५५६६।- | |
| | | ४१ | १.वडा सचिव सिता अधिकारीलाई बिजकभन्दा बढी भुक्तानी रु.१०७८०।- | १४७८० |
| | | | २.पोषण तालिममा तिवेन्द्र खत्रीलाई बढी भुक्तानी रु.४०००।- | |
| | | ५६ | ट्रान्सफर्मर खरिद गर्दा विरेन्द्र बानियालाई भ्याट रकम बढी भुक्तानी रु. | २७७८ |
| | | ४२ | प्रतिस्पर्धा सीमित हुने गरी टुक्रापारी स्याङ्बो कम्प्युटर सप्लायर्स स्मार्ट सोलुसनबाट सोझै खरिद गरिएको अनियमित देखिएको रु. | १२०८७५३ |
| | | ४६ | १४ वटा मा.वि.लाई सार्वजनिक खरिद कानुनको प्रतिकूल हुने गरी टुक्रा पारी फर्निचर खरिदका लागि निकासा दिएको रु. | १४००००० |
| | | ५४ | तीनसिमाना चारराते क्षेत्रमा गुराँस सल्ला रोपन कार्यक्रममा लागत अनुमान कार्यसम्पन्न प्रतिवेदन स्वीकृति वेगर भुक्तानी दिएको अनियमित देखिएको रु. | ३००००० |
| | | ५५ | पालिकाको ३ नं. वडा कार्यालयमा जग्गा सम्याउने कार्य पूर्वस्वीकृति वेगर सोझै सिता अधिकारीमार्फत गराएको अनियमित देखिएको रु. | ३९७८०० |
| | | ५८ | प्रतिस्पर्धाबाट प्राप्त हुने लाभलाई सीमित पार्ने र स्थानीय स्वामित्व ग्रहण गर्ने गरी आफै उपभोक्ता समितिबाट हुनुपर्ने कामलाई विभिन्न निर्माण व्यवसायीलाई दिने उपभोक्ता समितिलाई कारबाही गरी सडक निर्माणको काम प्रतिस्पर्धाबाट गराई सञ्चालन गर्नुपर्ने रु. | ४५२४७९५ |
| **गत विगतको जम्मा** | | | | **२९६८३७२३** |
| **कुल जम्मा** | | | | **४९९७५०५५** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **परिचय -**

(क)**फालेलुङ गाउँपालिकाको परिचय -** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा वडा संख्या ८ वटा, सभा सदस्य संख्या ४५ जना, क्षेत्रफल २०७.१४ वर्ग किलोमिटर तथा २०७८ सालको जनगणनाअनुसार कुल जनसंख्या २० हजार ३६१ जना रहेको छ ।

(ख)**लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवम् प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग)**लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।१९ देखि २०८०।०५।२४ सम्म रहेको छ ।

(घ)**लेखापरीक्षण विधिः-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनोट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुखलगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ)**लेखापरीक्षणको सीमाः-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनोट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवम् सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवम् स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रूपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च)**आर्थिक कारोबारको स्थितिः-** पालिकाको आय-व्ययतर्फ रू.१,२३,७०,४५,९०६.८३ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ)**लेखापरीक्षणको क्रममा असुलीः-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२६,४६,०१८।४२ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| क्र.सं. | बिवरण | रकम रु. |
|---|---|---|
| १ | बढी भुक्तानी भएको रकम असुल | ५०००० |
| २ | बढी भुक्तानी भएको रकम असुल | ७५००० |
| ३ | ग २.७, विविध खर्च खातामा सा.सु.मा फरक रकम बेरुजुमा दाखिला (भौचर नं. ५२०५७९४५) | २१०३६०.५३ |
| ४ | अग्रिम आयकर दाखिला | २०६५ |
| ५ | बढी भुक्तानी रकम दाखिला | १३७७ |
| ६ | ग २.७, विविध खर्च खातामा सा.सु. रकम फिर्ता भएकोमा वेरुजुमा दाखिला | २१०१७६७.८९ |
| ७ | रोजगार संयोजक गोपाल राईबाट लागत सहभागिताको रकम बेरुजुमा दाखिला | ६०००० |
| ८ | पुँजीगत खर्च खाता जोर वर्षमा बाँकी रहेको रकम बेरुजुमा दाखिला | ५००० |
| ९ | चालु खर्च खाता जोर वर्षमा बाँकी रहेको रकम बेरुजुमा दाखिला | ५१३३५ |
| १० | रणजित आङबुङ लिम्बुलाई बढि भुक्तानी गरिएको रकम बेरुजुमा दाखिला | १४५६ |
| ११ | मा.शि.शिक्षक दिपेन्द्र थोक्लेहाङलाई बढि निकासा भएको तलब बेरुजुमा दाखिला | १६५८५ |
| १२ | हर्कमाया जवेगु र सुरज कुमार पासवानको बढि भुक्तानी भएको भ्रमण खर्च रकम बेरुजुमा दाखिला | २१४०० |
| १३ | IT सम्बन्धी क्षमता विकास तालिम र एकीकृत पाठ्यक्रम तथा मूल्यांकन प्रणाली तालिममा नर्म्सभन्दा बढि भुक्तानी भएको रकम बेरुजुमा दाखिला | ४३७०० |
| १४ | प्रा.शि.चन्द्र प्रसाद भट्टराईलाई बढि निकासा भएको तलब बेरुजुमा दाखिला | ५९७२ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरू

२ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ बमोजिम स्थानीय सञ्चित कोषको व्यवस्था रहेको, दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसूचीमा संलग्न गरिएको छ ।

सैद्धान्तिक बेरुजु

***(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

३ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कनको आधार एवम् ढाँचा र पद्धतिमा एकरुपता कायम गर्न विद्युतीय सफ्टवेयर स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सूत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही

प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू. ७,६६,३५,०००.००, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रू. २,००,००,०००.००, गरिबसँग विश्वेश्वर कार्यक्रमको रू. ६,२२,०००.०० र स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रू.१,२०,००,०००.०० समेत गरी रू. १०,९२,५७,०००.०० सूत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सूत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । साथै, उपरोक्तबमोजिम सूत्रबाहिर कोष तथा लेखा नियन्त्रक कार्यालय (CGAS) मार्फत् भएका खर्चहरूमा नियमानुसार कट्टा गरिएको धरौटीमध्ये बाँकी रू. २८,७२,९८१.०० र संघीय सञ्चित कोषमा दाखिला भएको राजश्व रू. ६२,१२,९१४.०० लाई समेत सूत्र प्रणालीमा आबद्ध गरिएको छैन । तसर्थ, सबै आर्थिक कारोबार सूत्रमार्फत् हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **फरक हिसाब -** यस पालिकाले सूत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रू. ८९,०५,४०१.३९, यस वर्षको प्राप्ति रू. (१५,९०,६२,७०७.७५), यस वर्षको भुक्तानी रू. (१५,२२,३१,२४९.३२) र बैङ्क मौज्दात रू. २०,७३,९४३.०० फरक परेको छ । पालिकाको आफ्नो सम्पूर्ण आर्थिक कारोबारहरूलाई सूत्रमा समाविष्ट गरी सूत्रबाट तयार हुने म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सूत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२ ) | ३७०१५६३४.८४ | ४९७३६२२४९.२९ | ५२११६९६५७.५४ | १३२०८२२६.५९ |
| एकीकृत आर्थिक विवरणअनुसार | २८११०२३३.४५ | ६५६४२४९५७.०४ | ६७३४००९०६.८६ | १११३४२८३.५९ |
| **फरक** | **८९०५४०१.३९** | **-१५९०६२७०७.७५** | **-१५२२३१२४९.३२** | **२०७३९४३.००** |

उपरोक्त विवरणअनुसार सूत्रको वार्षिक प्रतिवेदन र पालिकाले तयार गरेको एकीकृत आर्थिक विवरणमा प्राप्ति र भुक्तानीमा फरक पर्नुमा संघबाट प्राप्त हुने सामाजिक सुरक्षा तथा संरक्षण, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम, एकीकृत स्वास्थ्य पूर्वाधारलगायतको अभिलेख सूत्रमा समावेश नभएको प्रतिक्रिया दिएको छ । त्यस्तै, सूत्रको प्राप्ति भुक्तानी हिसावको वर्षान्तको बाँकी रकम रू. १,३२,०८,२२६.५९ देखिएकोमा अनुसूची २४ बैङ्क तथा नगद बाँकीमा खाताअनुसार बाँकी रू. १,११,३४,२८३.५९ देखिन्छ भने बैङ्कअनुसार रू. १,१३,४४,६४४.१४ रहेको छ । सूत्रको अनुसूची २४ मा खाता र बैङ्कअनुसार फरक परेको रकम रू. २,१०,३६०.५३ सामाजिक सुरक्षा भत्ताबापतको रकम बैङ्कमा बाँकी रहेको हुँदा उक्त रकमलाई मिति २०८०।०५।१८ गते भौचर नं. ५२०५७९४५ बाट बेरूजू (१५१११) खातामा फिर्ता/जम्मा गरेको छ । साथै, पालिकाले बैङ्क बाँकीमा फरक परेको रकम रू. २०,७३,९४३.०० सूत्रमा रिभर्स भौचर बनाउँदा आम्दानी रकम नघटेको हुँदा फरक पर्न गएको प्रतिक्रिया दिएको छ । यससम्बन्धमा सम्बन्धित पालिकाले यकिन गरी सूत्रको प्राप्ति भुक्तानी हिसाबअनुसार बैङ्क तथा नगद बाँकी विवरणलाई मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रू.२,६८,४४,२९४.४५ मौज्दात रहेकोमा यो वर्ष रू.३,७०,१५,६३४.८४

जिम्मेवारी सारेको छ । जसअनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू.१,०१,७१,३४०.३९ बढी जिम्मेवारी सारेको हुदाँ पालिकाले यस सम्बन्धमा यकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **बैङ्क हिसाब विवरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडानसमेत गर्नुपर्दछ । पालिकाले सूत्रमा बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात फरक परेको र म.ले.प.फा.नं.२७२ को अनुसूची २४ बैङ्क तथा नगद बाँकीमा देहायबमोजिमको विवरण रहेको देखिन्छ ।

| खाता | स्रेस्ताअनुसार मौज्दात रू. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रू. | फरक रू. |
|---|---|---|---|
| ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | ५४५५००१.२० | ५४५५००१.२२ | ०.०२ |
| ग २.२ चालू खर्च खाता- जोर वर्ष | ०.०० | ५१३३५.०० | ५१३३५.०० |
| ग २.४ पुँजीगत खर्च खाता- जोर वर्ष | ०.०० | ५०००.०० | ५०००.०० |
| ग २.७ विविध खर्च खाता | ४८६९९६.०० | ६९७३५६.५३ | २१०३६०.५३ |
| ग ३.१ स्थानीय तह धरौटी खाता | ४१७२०७५.०० | ४१७२०७५.०० | ०.०० |
| ग १.१ आन्तरिक राजस्व खाता | ०.०० | ०.०० | ०.०० |
| ग १.२ बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०.०० | ०.०० | ०.०० |
| ग ५.१ स्थानीय तह विविध कोष खाता | ५४८७९३.०० | ५४८७९३.०० | ०.०० |
| ग १.३ आन्तरिक अनुदान खाता | ०.०० | ०.०० | ०.०० |
| ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ४७१४१८.३९ | ४७१४१८.३९ | ०.०० |
| | | **जम्मा** | **२६६६९५.५५** |

माथि उल्लिखित फरक रकममध्ये ग २.७, विविध खर्च खाताको रू. २,१०,३६०.५३ मिति २०८०।०५।१८ गते (भौचर नं. ५२०५७९४५) बाट बेरुजु (१५१११) मा दखिला गरिएको छ भने ग २.२, चालू खर्च खाता- जोर वर्षको रू. ५१३३५.०० मिति २०८०।०५।२७ गते (भौचर नं. ५२७५८७७०) र ग २.४, पुँजीगत खर्च खाता- जोर वर्षको रू. ५०००.०० मिति २०८०।०५।२२ गते (भौचर नं. ५२७५८७८१) गरी जम्मा रू. ५६,३३५.०० दाखिला गरी उक्त खाताहरूलाई शून्य गरिएको छ । आगामी दिनमा पालिकाले कानुनबमोजिम हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा स्थानीय तहको सञ्चित कोषमा स्वतः रकम स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त बैङ्क विवरणअनुसार चालु खर्च खातामा रू. ५१३३५.००, पुँजीगत खर्च खाताम रू. ५०००.०० र विविध खर्च खातामा रू. २,१०,३६०.५३ बाँकी मौज्दात रकम रहेको पाइयो । पालिकाले कानुनबमोजिम आर्थिक वर्षको अन्त्यमा खर्च खाताको मौज्दात शून्य गरी सञ्चित कोष खाता स्थानान्तरण गर्ने तथा विभाज्य कोषको रकम बाँडफाँड गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **अनुदान रकम फिर्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ (१) तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४७ (१) बमोजिम संघीय वा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकमध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित स्थानीय तहले संघीय वा प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाको सूत्रबाट प्राप्त प्रतिवेदनअनुसार २०८० असार मसान्तभित्र खर्च भई बाँकी रहेको संघ तथा प्रदेशतर्फ देहायबमोजिमको अनुदान रकम संघीय तथा प्रदेश सञ्चित कोषमा फिर्ता गरेको देखिन्छ ।

| क्र.सं. | अनुदानको शीर्षक | फिर्ता गर्नुपर्ने रकम रू. | फिर्ता गरेको रकम रू. | फिर्ता गर्न बाँकी रकम रू. |
|---|---|---|---|---|
| १ | संघ ससर्त चालु/पुँजीगत/विशेष/ समपुरक अनुदान | ३८१७८०४६.३६ | ३८१७८०४६.३६ | बाँकी नभएको |
| २ | प्रदेश ससर्त चालु/पुँजीगत/समपुरक अनुदान | ४७९६२०३.०० | ४७९६२०३.०० | बाँकी नभएको |

सैद्धान्तिक बेरुजु

९ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था उल्लेख छ । पालिकाको आर्थिक वर्ष २०७९।८० को सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण पालिकाको आन्तरिक लेखापरीक्षक श्री भरत रिजालबाट गराएको छ । आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोराको पूर्णरूपमा कार्यान्वयन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ पालिकाले विशेष ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३३ को उपदफा १ मा प्रदेशका सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको पाइएन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन्-

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा उल्लेख भएको पालिकाको अधिकार क्षेत्रअनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष सुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा केही कानुन तर्जुमा गरेतापनि ऐनले प्रदान गरेको अधिकार कार्यान्वयनमा लागि आवश्यक सबै कानुनहरू तर्जुमा गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा

कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।

- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन।
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरू पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवालासहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारीभित्र मात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत् कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाइएन ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाहसमेतको वार्षिक कार्यक्रमअनुसारको प्रगति तयार गरेको पाइएन।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैङ्क तयार गरेको देखिएन ।
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकि मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको र वडा कार्यालयमा रहेका जिन्सी सामानसहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाइएन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सबन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेस्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेस्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साविकका कार्यालयको बेरुजुको लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकिन गरी अद्यावधिक गरेको छैन ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मर्मत सम्भार गर्नुपर्ने मालसामानको समयमा मर्मत सम्भार गर्नेतर्फ ध्यान दिनुपर्दछ ।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत् कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।
- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग

सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन ।

- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरणलगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन र संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको तथ्याङ्क (IEMIS) अद्यावधिक गरेको छैन ।
- पालिकाले आयोजना तथा कार्यक्रम छनोट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागितासहितका लागत अनुमान तयार गरेको देखिएन ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) बमोजिम दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा स्थानीय भत्ता कट्टा गरिएको छैन ।
- भ्रमण खर्च, बैठक भत्ता र विविध खर्चमा मितव्ययीयता अपनाइएको देखिएन ।
- खरिद कानुनमा खरिदमा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद कार्य गर्नु नहुने कुरा उल्लेख गरेकोमा सोको पालना गरेको देखिएन ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान गरेको भएतापनि सो को कार्ययोजना तयार गरी कार्यान्वयन गरेको पाइएन ।

पालिकाको विगत वर्षहरूमा आन्तरिक नियन्त्रण प्रणालीसम्बन्धमा औल्याइएका व्यहोरामध्ये केही सुधार समेत गरेको पाइयो भने सुधार हुन बाँकी कार्यहरू समेत आगामी दिनमा सुधार गर्नेतर्फ ध्यान दिनुपर्दछ। साथै, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोतअन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधारअन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले वि.सं. २०७५ सालमा गाउँपालिकाको आवधिक योजना तयार गर्ने क्रममा वस्तुगत विवरण तयार गरेकोबाहेक स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको वा अद्यावधिक गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सो को सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । सूत्रबाट प्राप्त

म.ले.प.फा.नं. २७२ को अनुसूची ११ अनुसार आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रू. ५५ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रू. ७१ लाख ८४ हजार अर्थात अनुमान भन्दा करिब ३१ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

१३ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९/८० मा केन्द्रीय अनुदान (समानीकरण अनुदान) बाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहायबमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ९,६६,७१,६४६.०० | ७१,८४,४१०.१३ | ७.४३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदान (समानीकरण अनुदान) बाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ७.४३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१४ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५६, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाले तयार गरेको आम्दानीको एकिकृत विवरणअनुसार ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पत्ति कर (घर धुरी कर) | ०.०० | २,४४,१८७.०० | ०.०० |
| भूमिकर (मालपोत) | ०.०० | ५,८७,६७७.०० | ०.०० |
| घरजग्गा वहाल कर | ०.०० | ६६,४११.०० | ०.०० |
| व्यवसाय कर | ०.०० | १,९३,१३४.०० | ०.०० |
| वहाल विरौटी शुल्क | ०.०० | ०.०० | ०.०० |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवम् बुझाउन ल्याएको अवस्थामा मात्र कर एवम् शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । साथै, पालिकाले उपरोक्त आय शीर्षकमा कुनै पनि राजश्व रकम अनुमान नगरेको र एकमुष्ट रूपमा अन्य करमा असुली आम्दानी बाँधेकोमध्ये म्यानुअलरूपमा तयार भएको विवरणमा असुली रकम उल्लेख भएतापनि सम्बन्धित आय शीर्षकमा के कति राजश्व असुली भएको हो सोको यकिन गर्न नसक्नु, प्राप्त विवरण यथार्थपरक नहुनु तथा सम्पत्ति करको कार्यान्वयन गरेको देखिदैंन । तसर्थ, पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा अभिवृद्धि गर्ने, सम्पत्ति करको कार्यान्वयन गर्ने तथा सम्बन्धित आय शीर्षकमा यथार्थ आय अनुमान गर्नेतर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१५ **राजश्व अभिलेख -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तीय अधिकारक्षेत्रसम्बन्धी व्यवस्था छ । कार्यालयले राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष वडाहरूबाट राजश्व संकलन गर्नका लागि एक प्याडमा ५० वटा रसिद रहेको नगदी रसिद ६४ वटा र मालपोत रसिद ६४ वटा छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सो रसिद पुनः फिर्ता भएको अभिलेख अद्यावधिक गरेको देखिएन । पालिकामा अघिल्लो आ.व.को बाँकी रसिदहरू के कति थिए र सोको प्रयोग नभएकोसम्बन्धमा यकिन गर्न सकिएन । यसले गर्दा व्यक्तिहरूले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । पालिकाले सबै वडाहरूमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्ने प्रयोजनका लागि राजश्वसम्बन्धी सफ्टवेयर खरिद गरी कार्यपालिकाको निर्णयानुसार २०७९ माघ ५ गतेबाट अनलाइनमार्फत राजश्व संकलन गरेकोमा उक्त सफ्टवेयरमा आर्थिक वर्ष भरिको राजश्वलाई अद्यावधिक गरिएको छैन । पालिकाबाट लेखापरीक्षणमा पेश गरेको विवरणअनुसार कुल राजश्व रू. ७१,८४,४१०.०० संकलन भएकोमा सफ्टवेयर लागू हुनभन्दा अगाडी र लागू भएपछि के कति राजश्व रकम प्राप्त भएको हो सो सम्बन्धमा यकिन गर्न सकिएन । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै यकिन गरी यथार्थ विवरण तयार गर्नुपर्दछ । अतः पालिकाले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणालीमार्फत् व्यवस्थापन सम्बन्धमा विशेष ध्यान दिनुपर्दछ । यससम्बन्धमा देखिएका व्यहोराहरू देहायबमोजिम रहेका छन्-

- वडाबाट प्राप्त भएको नगदी र मालपोत रसिदबाट के कति रकम संकलन भएको हो यथार्थ विवरण तयार नगरेको हुँदा उक्त रकम बैङ्क दाखिला भएको यकिन गर्न सकिएन ।
- ऐनको दफा ५५ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउने व्यवस्था भएकोमा हालसम्म पालिकामा सम्पत्ति कर कार्यान्वयन भएको देखिएन ।
- पालिकाबाट प्रदान गरिने सेवा प्रवाहलगायतका सिफारिसहरूलाई राजश्वको भौचरसँग अन्तरआबद्धता हुने गरी सफ्टवेयर प्रणालीको विकास गरिएको छैन ।

तसर्थ, पालिकाले आगामी दिनमा एकद्वार प्रणालीबाट राजश्व संकलन गर्ने, रसिद नियन्त्रण खाताको पारदर्शी र प्रभावकारी व्यवस्थापन गर्ने, सम्पत्ति कर तथा व्यवसाय करको पूर्ण कार्यान्वयन गर्नेलगायतका क्षेत्रमा सुधार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । पालिकाले २०७५ सालमा पाँच वर्षे (आ.व. २०७६/०७७-२०८०/८१) प्रथम आवधिक योजना तयार गरेको छ । पालिकाले आवधिक योजना तयार गरेको भएतापनि वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यको कार्यान्वयन हुने गरी वार्षिक बजेट तथा कार्यक्रम तयार नगरी सालवसाली विषयहरूलाई समावेश गरेको देखिन्छ । आवधिक योजनाको सोच तालिका र कार्यान्वयन योजनामा आधारित रही वार्षिक अनुगमन कार्यान्वयन योजना तर्जुमा गरी सोको कार्यान्वयन स्थलगत अनुगमन, आवधिक योजनाको लक्ष्य र प्रगतिबीच तुलना, नागरिक अनुगमन, योजनाको मध्यावधि समीक्षा र सहभागितामूलक अन्तिम समीक्षा (तेस्रो पक्षबाट मूल्याङ्कन) विधिबाट गरिनुपर्ने उल्लेख भएकोमा सोहीअनुसार अनुगमन तथा समीक्षा समेत भएको छैन । तसर्थ, स्थानीय तहको समग्र विकासका लागि तर्जुमा भएको आवधिक योजनाको सोच, लक्ष्य र उद्देश्यअनुरुप वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी सोको कार्यान्वयन गर्न प्रभावकारी अनुगमन तथा समीक्षा गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न अध्यक्षको संयोजकत्वमा स्रोत अनुमान तथा

बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्नेजस्ता कार्यहरू प्रत्येक वर्षको वैशाख दशगतेभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रत्येक वर्षको वैशाख पन्ध्र गतेभित्र प्रमुख प्रशासकीय अधिकृतले पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले अध्यक्षको संयोजकत्वमा समितिको गठन भएको भएपनि ऐनमा व्यवस्था भएअनुसार स्रोत अनुमान तथा बजेट सीमा निर्धारणसम्बन्धी कार्य गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपणसम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवम् सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **योजनाको प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनोट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाको सूत्रबाट प्राप्त विवरणअनुसार आर्थिक वर्ष २०७९/८० मा ८ वडाको लागि वडास्तर र पालिकास्तर गरी कुल २४३ योजनामा बजेट विनियोजन गरेको छ । उपर्युक्त विवरणअनुसार पालिकाले कुल योजनामध्ये ८९.३० प्रतिशत योजना पाँच लाखभन्दा साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पूर्वाधार विकास क्षेत्रका लागि पारित गरेका उल्लेखित योजनामध्ये पालिकाबाट २४३ वटा योजना कार्यान्वयन भई १९ वटा योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनोट गरी वितरणमुखी योजनालाई न्युनीकरण गर्ने र सो को प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ । यससम्बन्धको विवरण अनुसूचीमा संलग्न गरिएको छ ।

सैद्धान्तिक बेरुजु

***(विस्तृत विवरण बेरूजु दफा १८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

१९ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट निर्धारण भएको आयको प्रक्षेपण र वितरणको खाका र बजेट सीमामा आधारित भई स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न उपाध्यक्षको संयोजकत्वमा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठनको व्यवस्था छ । उक्त समितिले आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत रूपमा छलफल गरी कार्यपालिकामा पेश गर्ने तथा योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादात्म्यता तथा परिपूरकता कायम गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले उपाध्यक्षको संयोजकत्वमा समिति गठन गरेको भएता पनि बजेट तथा कार्यक्रम तर्जुमा गर्दा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत रूपमा छलफल गरी कार्यपालिकामा पेश गर्ने तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादात्म्यता तथा परिपूरकता कायम गरेको छैन । आगामी दिनमा पालिकाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्ष श्री महेन्द्र हाङ जवेगुले मिति २०७९।०३।१० मा रू. ५३ करोड ६६ लाख ०८ हजार ६२४ को बजेट सभासमक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।१० मा पारित भएको छ । यसैगरी पालिकाका अध्यक्ष श्री वीर विक्रम थाम्सुहाङले मिति २०७९।०३।१२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । यसरी पारित भएको बजेट तथा कार्यक्रमलाई आर्थिक वर्षभित्र सम्पन्न गरिसक्ने गरी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **बजेट अवण्डा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष गत वर्षको अ.ल्या. रकम विविध भुक्तानी र भुक्तानी बाँकी शीर्षकमा रू. ९३ लाख ५० हजार अबण्डा बजेट व्यवस्था गरी १० योजनामा रू. ९३ लाख १८ हजार खर्च गरेको छ । बजेट अबण्डामा राखी तोकआदेश वा कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **वजेट रकमान्तर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन, २०७९ को दफा ३ अनुसार एक शीर्षकबाट अर्को शीर्षकको जममा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकमा रकम सार्न गाउँ सभाको स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले सभाको निर्णयबाट ८५ वटा योजना संशोधन गरी १३७ वटा थप योजनामा रू. १२ करोड १३ लाख ४७ हजार रकमान्तर गरी खर्च गरेको छ । उक्त रकम कुल वजेटको तुलनामा २२.६१ प्रतिशत रहेको छ । पालिकाले आगामी वर्षमा योजना टुक्रा गरी एक शीर्षकबाट अन्य शीर्षकमा वजेट रकम रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

सैद्धान्तिक बेरुजु

२३ **लक्ष्य प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यान्वयन गर्ने कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण पेश गर्ने र नियम ३६ बमोजिम प्रगति विवरण प्राप्त भएपछि त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गर्ने र समीक्षा गर्दा प्रगति कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि कदम चाल्नुपर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको त्रैमासिक तथा वार्षिक लक्ष्य र प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा त्रैमासिक तथा वार्षिक लक्ष्य र प्रगति विवरण तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । पालिकाको सूत्रबाट प्राप्त कार्यक्रमगत खर्च विवरणअनुसार विभिन्न शीर्षकमा भएको वित्तीय प्रगति अनुसूचीबमोजिम रहेका छन् । आगामी दिनमा पालिकाले विनियोजित बजेट तथा कार्यक्रमको लक्ष्य र प्रगति प्राप्त गर्न तोकिएको समय अवधिभित्र उक्त योजनालाई गुणस्तरीय र प्रभावकारीरूपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

***(विस्तृत विवरण बेरूजु दफा २३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

२४ **त्रैमासिक खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण बनाई केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने, केन्द्रीय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनु पर्ने व्यवस्था छ । पालिकाको सूत्र (SuTRA) सफ्टवेयरबाट प्राप्त त्रैमासिक प्रतिवेदनअनुसार पूँजीगत खर्चको स्थिति अनुसूचीबमोजिम रहेको छ । पालिकाबाट प्राप्त विवरणको विश्लेषण गर्दा कुल पूँजीगत खर्चमा विनियोजन भएको बजेटमा ८७.०३ प्रतिशत मात्र खर्च भएको छ । कुल खर्चमध्ये चौथो त्रैमासिकमा मात्र कुल खर्चको ५४.४१ प्रतिशत र आषाढ महिनामा मात्र कुल खर्चको ३०.३८ प्रतिशत खर्च भएको देखिन्छ । यसरी पालिकाले अन्तिम त्रैमासिकमा मात्र कुल खर्चको आधा र असार महिनामा अत्याधिक खर्च गरी योजना सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दिगोपनामा समेत प्रभाव पर्न सक्छ । त्यसैले पालिकाले त्रैमासिकरूपमा निर्धारित गरिएको लक्ष्य र समयभित्र कार्य सम्पादन गर्नुपर्दछ । विकास निर्माण सबै जसो कार्य आर्थिक वर्षको अन्त्यमा हुनुले वर्षान्तमा हतारमा काम गर्नुपर्ने तथा प्राविधिक मूल्याङ्कन गरी भुक्तानी गर्नुपर्ने देखिएकाले कामको गुणस्तरमा समेत हुन नसक्ने भएकोले वर्षान्तको अन्त्यमा मात्र खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रू. ७१ लाख ८४ हजार, राजस्व बाँडफाँडबाट रू. ७ करोड ६३ लाख ६८ हजार र अनुदानबाट रू. ४४ करोड ५७ लाख ३८ हजारसमेत रू. ५२ करोड ९२ लाख ९० हजार आम्दानी भएकोमा चालुतर्फ रू. ३३ करोड ०४ लाख ०८ हजार र पुँजीगततर्फ रू. १७ करोड ४३ लाख ७५ हजारसमेत रू. ५० करोड ४७ लाख ८३ हजार खर्च भएको छ । खर्चमध्ये आन्तरिक आयको हिस्सा १.४२ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रू. ७० लाख २८ हजार खर्च भएको छ जुन आन्तरिक आयको ९७.८३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६५.४५ प्रतिशत चालु र ३४.५५ प्रतिशत मात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **क्षेत्रगत बजेट र खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनबमोजिम स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगतरूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको सूत्रबाट प्राप्त प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७८।७९ मा देहायबमोजिम क्षेत्रगत बजेट र खर्चको स्थिति रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्चमध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ४३२५५ | ३०१४२ | ६९.६९ |
| सामाजिक विकास | २६८३०१ | २४६५५३ | ९१.८९ |
| पूर्वाधार विकास | १०६८०९ | ९४३३८ | ८८.३२ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ५३५१५ | ४३०६१ | ८०.४७ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १०८१७८ | ९०६९० | ८३.८३ |
| **जम्मा** | **५८००५८** | **५०४७८४** | **८७.०२** |

पालिकाले योजना तर्जुमा गर्दा आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, सुशासनलगायत अन्य क्षेत्रमा दिगो र छिटो प्रतिफल प्राप्त हुने गरी समानुपातिक रूपमा बजेट विनियोजन गर्ने र सो को कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२७ **गत विगतको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सिर्जित दायित्वमध्ये आगामी वर्षमा भुक्तानी गर्नु पर्ने रकम तथा विगत वर्षमा भुक्तानी हुन बाँकी रकम समावेश गरेर बजेट प्रस्ताव गर्नु पर्ने व्यवस्था छ । पालिकाले विगत वर्षमा भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) बमोजिमको रकम कार्यपालिका र सभाको निर्णयानुसार चालु आ.व. को बजेटमा समावेश गरी देहायबमोजिमको ७ योजनाहरूमा रू. ३२,६८,४६१.०० भुक्तानी दिएको छ । ऐनको प्रावधानअनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वलाई मात्र विगत वर्षमा भुक्तानी दिन बाँकीको योजनामा समावेश गरी बजेट निर्माण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

***(विस्तृत विवरण बेरूजु दफा २७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

२८ **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १२ जना कर्मचारीको रू. ७८,५६,६९१.०० र पालिकाका ४ जना कर्मचारीको रू. २०,९५,९५१.०० समेत रू. ९९,५२,६४२.०० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **कर्मचारी व्यवस्था-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोतसमेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ५० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियरसहित १६ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । त्यसैगरी, पालिकामा हाल करारतर्फ ६७ जना कर्मचारीहरू कार्यरत रहेका छन् । पालिकाले उपरोक्त कर्मचारीहरूलाई पारिश्रमिकमा रू. १ करोड ९३ लाख ०१ हजार र अन्य भत्ता र प्रोत्साहनमा रू. ३८ लाख ८५ हजार गरी जम्मा रू. २ करोड ३१ लाख ८६ हजार खर्च लेखेको पाइयो । पालिकाले प्रभावकारी सेवा प्रवाह गर्नका लागि रिक्त पदमा प्रदेश लोक सेवामार्फत पदपूर्ति गर्ने, दरबन्दी समायोजन गर्ने तथा कर्मचारीहरूलाई प्रदान गर्ने भत्तामा मितव्ययीता अपनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३० **सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाईजस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले श्री सञ्चार विकास केन्द्रमार्फत् रू. ४,००,०००.०० खर्च गरी सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरेको छ भने सार्वजनिक परीक्षण र सामाजिक परीक्षण कार्य गरेको छैन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्धन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **कर्मचारी कल्याण कोष -** पालिका वा पालिकाअन्तर्गत कार्यरत कर्मचारीहरूको सामाजिक सुरक्षा सुनिश्चित गरी कर्मचारीको हकहित र कर्मचारीलाई सेवा प्रवाहप्रति उत्तरदायी र प्रोत्साहित गर्न कर्मचारी कल्याण कोषसम्बन्धी कानुन बनाई सोको कार्यान्वयन गर्नुपर्दछ । तर पालिकाले कार्यविधि निर्माण नगरी कर्मचारी कल्याण कोषको सञ्चालन गरेकोमा उक्त खातामा गत वर्षको अ.ल्या. रू. १२,६५,९३९.०० गरेकोमा यस वर्ष पालिकामा कार्यरत कार्यालय सहयोगी मन्टु केरुङ कोभिड १९ संक्रमणबाट निधन भएकोमा निजको परिवारलाई एकमुष्ट रू. ७,१७,१४६.०० भुक्तानी गरी बाँकी रकम रू. ५,४८,७९३.०० देखिन्छ । पालिकाले यससम्बन्धी कानुनको निर्माण गरी कोषको स्थापना र खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **आर्थिक सहायता-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(७) मा पालिकाले आफ्नो अधिकार क्षेत्रका काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानुन, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्ने व्यवस्था छ । पालिकाले हालसम्म आर्थिक सहायता परिचालन सम्बन्धी कार्यविधि निर्माण गरेको छैन । तर, पालिकाले निवेदनमा तोकआदेश गरी वा कार्यपालिकाको निर्णयबाट स्वास्थ्य उपचार र विपदमा विभिन्न १९ वटा संघसंस्था र व्यक्तिहरूलाई रू. ३,९७,३२५.०० आर्थिक सहायता वितरण गरेको छ । आगामी दिनमा पालिकाले आर्थिक सहायता परिचालनलाई छिटो, छरितो, मितव्ययी र पारदर्शी बनाई वास्तविक पिडितलाई राहत प्रदान गर्नका लागि आर्थिक सहायता परिचालनसम्बन्धी कार्यविधि बनाई लागू गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **कानुन र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमुना कानुनहरू समेत बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १३ वटा ऐन, ६ वटा नियमावली, ५३ वटा कार्यविधि, ५ वटा निर्देशिका र ५ वटा नर्म्स गरी जम्मा ८२ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले तर्जुमा गरेका कानुनहरू सभा तथा कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त सबै कानुनहरू राजपत्रमा प्रकाशन गरेको छैन भने पारित कानुनलाई पालिकाको वेभसाइटमा समेत राखेको छैन । तसर्थ, उक्त कानुनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ र वेभसाइटमा समेत अद्यावधिक गरी प्रकाशन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियासम्बन्धी व्यवस्था गरेको छ । समितिले विवादका दुवै पक्ष उपस्थित भएको तीन महिनाभित्र मेलमिलापबाट विवादको समाधान गर्नुपर्ने र समाधान हुन नसकेमा विवाद समाधानको लागि अदालतमा तत्सम्बन्धी मिसिल तथा कागजात पठाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार समितिको उजुरी दर्ता र फस्र्योटको विवरण देहायबमोजिम रहेको छ ।

| क्र.सं. | उजुरीको प्रकार | गत वर्षको बाँकी | यस वर्ष थप | जम्मा | यो वर्ष फस्र्योट | फस्र्योट हुन बाँकी | समयमै फछ्र्यौछ नहुनुको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | घर झगडा तथा लेनदेन | ० | २ | २ | २ | ० | समयमै भएको |

पालिकाको न्यायिक समितिमा दर्ता भएको उजुरीमध्ये सबै उजुरीहरू तोकिएको समयमा फस्र्योट भई आर्थिक वर्षको अन्त्यसम्म उजुरीको संख्या शून्य रहेको छ । आगामी दिनमा न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३५ **भवन निर्माण तथा सडकसम्बन्धी व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ७ मा भवन निर्माण तथा सडकसम्बन्धी व्यवस्था गरिएको छ । ऐनमा नक्सा पास नगराई भवन निर्माण गर्न नहुने, नक्सा पास गर्ने, राष्ट्रिय भवन संहिता पालना गर्नुपर्ने, राष्ट्रिय तथा प्रादेशिक मापदण्ड अवलम्बन गर्नुपर्ने र सडकको अधिकारक्षेत्र तोक्न सक्नेलगायतका व्यवस्थाहरू रहेका छन् । उपरोक्तबमोजिम ऐनले दिएको अधिकारको कार्यान्वयन गर्न तथा भवन ऐन, २०५५ बमोजिम भवनको वर्गीकरण गर्न पालिकाले भवन निर्माण तथा सडकसम्बन्धी मापदण्ड तर्जुमा गरेको छैन । अतः पालिकाले उक्त मापदण्ड तर्जुमा गरी सो को प्रभावकारी कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३६ **सफ्टवेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले श्री नेटवर्क एसोसिएटस प्रा.लि. बाट तीन वटा मोड्युअल समावेश भएको Revenue Management System, Personnel Information System and Online Disability and Senior Citizen Card Development सफ्टवेयर रू. ९,८८,७५०.०० मा खरिद गरिएकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । साथै, उक्त सफ्टवेयरमध्ये राजश्व व्यवस्थापन प्रणाली २०८९ माघ महिनाबाट प्रयोगमा आएकोमा हाल सूत्र प्रणालीमा नै राजश्वको मोड्युअल समावेश भइ सकेको हुँदा सोको प्रयोग नदेखिएकोले उक्त खरिद कार्य औचित्यपूर्ण देखिएन । पालिकाले प्रयोग गरिरहेको सफ्टवेयरलाई विभागबाट स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३७ **सेवा प्रवाह -** नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरू पालिकाले आम नागरिकलाई प्रदान गर्दछ । आफ्नो कार्यक्षेत्रभित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह दर्ता, बसाई सराई, सम्बन्ध विच्छेद) लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी सो को अभिलेख राख्नुपर्दछ । पालिकाबाट प्रवाहित सेवाहरूको विवरण निम्नानुसार रहेको छ ।

| क्र.सं. | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ९६३ | ९६३ | |
| २ | घर बाटो सिफारिस | ३६६ | ३६६ | |
| ३ | नाता प्रमाणित | ७५४ | ७५४ | |
| ४ | व्यक्तिगत घटना दर्ता | १३६० | १३६० | |
| ५ | अन्य | ४०११ | ४०११ | |

पालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई व्यवस्थित र गुणस्तरीय बनाइ सेवा प्रवाहको अद्यावधिक अभिलेख राख्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **पेस्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा सरकारी कामकाजको लागि पेस्की दिएको रकम सोही आर्थिक वर्षभित्र फस्यौंट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फस्यौंट हुन बाँकी पेस्कीको विवरण तयार गर्ने, पेस्कीको म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा फस्यौंट हुन बाँकी पेस्की रकमलाई अन्तिम लेखापरीक्षणको प्रतिवेदनमा समावेश गर्नुपर्ने व्यवस्था रहेको छ।

पालिकाले पेश गरेको फस्यौंट गर्न बाँकी पेस्कीको मास्केवारी (म.ले.प.फा.नं. २११) अनुसार देहायका कर्मचारी, ठेकेदार, संस्था तथा व्यक्तिलाई दिएको पेस्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रू. ९४,२१,४९५.०० बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेस्की रू. २१,००,०००.०० फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेस्की नियमानुसार फस्यौंट गर्नुपर्दछ ।रू.

| | |
|---|---|
| पेस्की | १,७०,००० |

*(विस्तृत विवरण बेरूजु दफा ३८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

३९ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ-

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | | | | |
| गाउँपालिकाको कार्यालय (वर्ग मिटर) | | १४७४.४७ | निःशुल्क | अन्य वडा तथा कार्यालयहरूको नाममा रहेको जग्गाको अभिलेख अद्यावधिक गर्नुपर्ने |
| वडा नं. ६ को कार्यालय (वर्ग मिटर) | | ७७५.०३ | निःशुल्क | |
| वडा नं. १ को कार्यालय (वर्ग मिटर) | | २०३४.९६ | निःशुल्क | |
| आधारभुत स्वास्थ्य केन्द्र वडा नं. ८ (वर्ग मिटर) | | १०१७.४८ | निःशुल्क | |
| वडा नं. ३ को कार्यालय (वर्ग मिटर) | | ५०८.७४ | निःशुल्क | |
| वडा नं. १ आधारभूत स्वास्थ्य कार्यालय (वर्ग मिटर) | | ५०८.७६ | निःशुल्क | |
| वडा नं.२ को कार्यालय (वर्ग मिटर) | | १०१७४.८ | निःशुल्क | रंगशाला समेत |
| वडा नं. ३ स्वास्थ्य संस्था (वर्ग मिटर) | | ३५६१.१८ | निःशुल्क | |
| वडा नं.४ को कार्यालय (वर्ग मिटर) | | ४४२.४ | निःशुल्क | पास हुन बाँकी |
| वडा नं.४ आधारभूत स्वास्थ्य कार्यालय, लाफे (वर्ग मिटर) | | १५२६.२२ | निःशुल्क | |
| वडा नं.४ आधारभूत स्वास्थ्य कार्यालय, गुरूङटार (वर्ग मिटर) | | २५५.२ | निःशुल्क | |
| वडा नं.५ को कार्यालय (वर्ग मिटर) | | ५०८.७४ | निःशुल्क | |
| वडा नं.८ को कार्यालय (वर्ग मिटर) | | १६८५.७२ | निःशुल्क | |
| वडा नं.७स्वास्थ्य संस्था (वर्ग मिटर) | | १५२६.२२ | निःशुल्क | |
| वडा नं.७ को कार्यालय (वर्ग मिटर) | | १५२६.२२ | निःशुल्क | |
| वडा नं.६ आधारभूत स्वास्थ्य कार्यालय, लाफे (वर्ग मिटर) | | १०१७.४६ | निःशुल्क | |
| वडा नं.५स्वास्थ्य संस्था (वर्ग मिटर) | | ३०५२.४४ | निःशुल्क | |
| सवारी साधन (रू.१ लाखभन्दा बढी) | | | | |

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| चारपाङ्ग्रे जीप मे १ ब १५६ | | १ | ३६६५००० | |
| मोटरसाइकल | | २१ | ५१५३५३५ | |
| **उपकरण (रू.१ लाखभन्दा बढी)** | | | | |
| व्याकहो लोडर | | १ | ५३००००० | |
| बेचलतीमा रहेकोप्रमुख उपकरण तथा सवारी साधन | | | | |
| मोटरसाइकल (जिक्सर मे. १ ब. ३७५ तथा एफ जेट मे. १ ब. ५४५) | | २ | | लिलाम गर्नुपर्ने |
| अतिक्रमणमा परेको जग्गा | | | | नभएको |
| अतिक्रमण हटाउन गरेको प्रयास | | | | नभएको |

सैद्धान्तिक बेरुजु

४० **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिकाभित्र देहायबमोजिमका ३८ वटा सहकारी संस्थाहरू दर्ता भएका छन् । पालिकाभित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा १८ वटा सहकारीहरूको विवरण रहेको र अन्यको विवरण दाखिला गरेको पाइएन । पालिकामा हालसम्म ७ वटा सहकारीसम्बन्धी उजुरी प्राप्त भएको र १ वटा सहकारीको दर्त खारेजीसमेत भएको देखिन्छ । पालिकामा दर्ता भएका सबै सहकारीहरू प्रणाली आबद्ध नहुनु तथा नियमित अनुगमन निरीक्षण नहुदाँ पालिकाका सञ्चालित सहकारीको सञ्चालन अवस्थाबारे थप अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिकाअनुसार सफ्टवेयर प्रणालीमा सहकारीको विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन र उजुरी फर्स्यौट गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४१ **सूचना प्रकाशनमा छुट -** गोरखापत्र संस्थान विज्ञापन संकलन, प्रकाशन, प्रसारण एवम् विज्ञापन एजेन्सीसम्बन्धी निर्देशिका, २०७८ को दफा १० को उपदफा २क मा संस्थानका प्रकाशनहरूमा विज्ञापन प्रकाशन गरे बापत २५ प्रतिशत संस्थागत छुट सरकारी तथा निजी क्षेत्रका सम्पूर्ण कार्यालयलाई उपलब्ध हुने व्यवस्था छ । त्यसैगरी, पालिकाले वर्षभरी प्रकाशन गर्ने विज्ञापनमा बढीभन्दा बढी छुट प्राप्त गर्न सिलबन्दी दरभाउपत्रमार्फत मिडिया एजेन्सीको सूची दर्ता गराई खर्चमा मितव्ययीता कायम गर्न सकिन्छ । तर, पालिकाले सोझै मिडिया एजेन्सीमार्फत् विभिन्न सूचना प्रकाशन गरी १५ प्रतिशतसम्म छुट लिएको देखिन्छ । आगामी दिनमा पालिकाले विज्ञापन तथा सूचना प्रकाशन गर्दा सरकारी कार्यालयले प्राप्त गर्ने कम्तीमा २५ प्रतिशतसम्म वा सिलबन्दी दरभाउपत्रमार्फत् प्रतिस्पर्धात्मक रूपमा छुट रकम लिने गरी खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४२ **फोलिक एसिड वितरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको

जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले सोझै खरिद प्रकृयामार्फत प्रतिगोटा रू. १.९८ का दरले ३०८८१ वटाको जम्मा रू. ६११४४ मा फोलिक एसिड खरिद गरी दाखिला गरेको देखिन्छ । पालिकाले पेश गरेको विवरणअनुसार उक्त औषधीहरू वितरणका लागि स्वास्थ्यचौकीहरूलाई १५००० वटा वितरण गरेको र अन्य औषधी पालिकाको मौज्दातमा नै रहेको छ । अतः उक्त औषधीहरू सम्बन्धित लाभग्राहीहरूलाई प्रभावकारीरूपमा वितरण गर्न पालिकाले ध्यान दिनुपर्ने तथा आगामी दिनमा औषधी खरिद गर्दा मौज्दात र मागको आधारमा मात्र गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४३ **पानी, विजुली र टेलिफोनको महसुल भुक्तानी -** प्रदेश नं. १, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को दफा २१ को उपदफा २ मा पानी, बिजुली र टेलिफोनको महसुल मिटर रिडिङ्ग पछि तोकिएको समयमा नै भुक्तानी गर्दा रिवेट (छुट) पाउने हकमा यस्तो भुक्तानी समयमा नै गरी जरिवाना नतिर्ने र नियमानुसारको छुट सुविधा लिने । त्यस्तै, उपदफा ३ मा पानी, विजुली र टेलिफोन मितव्ययी ढंगले प्रयोग नगरी विनियोजित बजेटभन्दा बढी खर्च भई बक्यौता रहेमा वा समयमा महसुल नतिरी जरिवाना तिर्नु परेमा कार्यालय प्रमुख र लेखा प्रमुख नै जिम्मेवार हुनेछ भन्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले पानी, विजुली र टेलिफोनको महसुल भुक्तानी गर्दा रिवेट (छुट) नलिई जरिवानाको रकम समेत भुक्तानी गरेको र अग्रिम (Advance) रकम भुक्तानी गर्ने गरेको पाइएको हुँदा आगामी दिनमा महसुल भुक्तानी गर्दा रिवेट (छुट) लिने गरी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४४ **सहकारी संस्थालाई अनुदान-**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।०८ को निर्णयबाट रू.३१२०००० सम्परीक्षण गरिएको ।)*

४५ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू. १० करोड ६८ लाख ८५ हजारको पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४६ **फोहोरमैला व्यवस्थापन -** फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ४ मा फोहोरमैला व्यवस्थापन गर्ने दायित्व स्थानीय तहको हुने र दफा १२ मा पालिकाले फोहोरमैला व्यवस्थापन स्थल तोक्नुपर्ने व्यवस्था रहेको छ । पालिकाभित्र उत्पादन हुने फोहोरमैलाको व्यवस्थापनका लागि स्यानिटरी ल्याण्डफिल साइट नभएको हुँदा उत्पादित फोहोरमैलाको व्यवस्थापन दिगो रूपमा व्यवस्थापन हुन सकेको छैन । पालिकाले फोहोरमैला व्यवस्थापनसम्बन्धी नीतिको तर्जुमा गरेको छैन । पालिकाले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । पालिकाले फोहोरमैला व्यवस्थापन गर्न फोहोरमैलालाई स्रोतमा नै कमी गर्ने, पुनः प्रयोग गर्ने र पुनः चक्रिय

प्रणालीको अवलम्बन गर्न नागरिक जनचेतना अभिवृद्धि गरी दिगो रूपमा फोहोरमैला व्यवस्थापन गर्न स्यानिटरी ल्याण्डफिल साइट निर्माण गर्ने, वैज्ञानिकरूपमा प्रशोधन कार्य गर्नेलगायत फोहरमैलाको वर्गीकरण गरी फोहरमैलाको उचित व्यवस्थापनमार्फत् पालिकाको पर्यावरणलाई स्वच्छ राख्न ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्कबापत रू. १,९३,१३४.०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अद्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन्। तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४८ **प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क-** प्रदेश आर्थिक ऐन, २०७९ को दफा ६ मा पालिकाले आफ्नो क्षेत्रभित्र ढुंगा, गिटी, बालुवा, माटो र दहत्तर बहत्तरको संकलन गर्नु अघि प्रचलित कानुनबमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नुपर्ने र सोको आधारमा प्रदेशभित्रको प्राकृतिक स्रोत संकलन तथा बिक्रीबापत ऐनको अनुसूची-४ बमोजिम शुल्कको संकलन सम्बन्धित पालिकाले गर्नुपर्ने तथा संकलित रकम स्थानीय विभाज्य कोषमा जम्मा गरी चालिस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले प्रचलित कानुनबमोजिम प्राकृतिक स्रोत (ढुंगा, गिटी, बालुवा, माटो र दहत्तर बहत्तर) को संकलन गर्न वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी स्वीकृत गराएको छैन । पालिकामा सञ्चालित योजनाहरूमा प्रयोग हुने ढुंगा, गिटी, बालुवा, माटो र दहत्तर बहत्तरलगायतका प्राकृतिक स्रोत सामाग्री पालिका क्षेत्रभित्रबाट नै उपयोग हुने गरेको देखिन्छ भने यसरी प्रयोग भएको प्राकृतिक स्रोत सामाग्रीको संकलन तथा बिक्री शुल्कबापत प्रदेश कानुनबमोजिम उठाउनु पर्ने शुल्कसमेत नउठाएको छैन । आगामी दिनमा कानुनबमोजिम प्राकृतिक स्रोतको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गरी ठेक्कामार्फत् तोकिएको शुल्क उठाउनु पर्ने र ठेक्का प्रकृयामा नगएसम्म पालिकाको प्राकृतिक स्रोत सामाग्री उपयोग भएमा बिल भुक्तानी गर्दा नापी किताबमा उल्लिखित परिमाणमा अनिवार्यरूपमा सम्बन्धितबाट ऐनमा तोकिएको शुल्क उठाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४९ **स्वास्थ्य कार्यक्रमतर्फ-**

४९.१ **तलवी प्रतिवेदन-** निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका १२ जना कर्मचारीको रू.७८,५६,६९१।- खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४९.२ **औषधि खरिद** – पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति

भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीम १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय सरकारबाट हस्तान्तरित शसर्त कार्यक्रम ८०१०२५०३५०१ बजेट उपशीर्षकबाट रू.४,२१,८६७।- र गाउँपालिका चालु ८०१०२५०३००१ बजेट उप शीर्षकबाट रू.२०,००,०००।- गरी जम्मा रू.२४,२१,८६७।- को औषधि ड्रग इन्टरनेशनल फार्मेसी (३००६७४६२४) सँग खरिद गरेको देखिन्छ । खरिद गरिने औषधिको पहिचान नगरेको, वस्तुनिष्ठरूपमा लागत अनुमान तयार नगरेको, माग फारम नभएको, सम्झौता गर्दा रकम उल्लेख नगरेको, औषधिको म्याद, गुणस्तर चिन्ह सम्बन्धमा कुनै पनि शर्त उल्लेख नगरेको तथा सम्पन्न गर्नु पर्ने मिति खुलाई गरेको पाइएन । पालिकालाई आवश्यक हुने औषधिको पहिचान नगरी गरिने खरिद प्रकृयाले आपूर्ति हुने सबै ओषधि उपयोग हुने नहुने सम्बन्धमा विश्वस्त हुने आधार देखिदैन । पालिकाले यसतर्फ ध्यान दिनु पर्ने देखिन्छ । पालिकाले आपूर्ति भएका औषधि तथा औषधिजन्य सामग्रीमा उल्लेखित सूचना पूर्ण रूपमा रहे नरहेको सम्बन्धमा परीक्षण गरेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४९.३ **थप औषधि खरिद -** पालिकाले आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि जीत मेडिको फर्मा (६१९३६२९५३) बाट विभिन्न ३० प्रकारका औषधि रू.४,६९,८१४।- मा सिधै खरिद गरेको छ । औषधि खरिद गर्दा लागत अनुमान, माग फारम, सम्झौता बेगर नै गरेको पाइयो । खरिद गरिएका देहायका औषधिको म्याद जिन्सी दाखिला हुँदाको मितिदेखि कम्तीमा १८ महिनासम्म म्याद भएको हुनु पर्नेमा अनुसूचीमा उल्लेखित औषधिको म्याद सो बमोजमिम भएको पाइएन । यसरी खरिद गर्दा माग र आवश्यकता बमोजिमको नहुँदा औषधिको सही उपयोग नहुने, औषधि खरिदमा प्रतिस्पर्धा नहुने हुने हुँदा यसतर्फ पालिकाको विशेष ध्यान जानु जरुरी देखिन्छ ।

सैद्धान्तिक बेरुजु

***(विस्तृत विवरण बेरूजु दफा ४९.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

४९.४ **औषधिको मौज्दात -** पालिकामा आवश्यक पर्ने औषधि जिल्ला स्वास्थ्य कार्यालय, पाँचथरबाट प्राप्त हुने र नपुग औषधि पालिकाले पहिचान गरी खरिद गर्ने गरेको पाइएको छ । पालिकामा कुनै औषधिको मौज्दात परिमाण बढी हुने र कुनै शून्य परिमाणमा रहने गरेको पनि पाइयो । पालिकाले जनताको स्वास्थ्य उपचारको लागि अत्यावश्यक पर्ने औषधिको मौज्दात परिमाण शून्य हुन नदिन र बढी मौज्दात भएको परिमाणलाई आधार मानी औषधिको माग तथा खरिद गर्ने गर्नुपर्दछ । पालिकामा बढी र कम मौज्दातमा रहेको औषधिको विवरण अनुसूचीमा उल्लेख गरिएको छ ।

पालिकाबाट वितरण हुने औषधिमा नेपाल सरकारबाट निःशुल्क वितरण भन्ने लोगो लागेको हुनुपर्नेमा उक्त लोगो नलागेका ओषधिहरू पनि रहेको पालिकाबाट प्राप्त विवरणबाट देखियो । clove oil, vitamin K, hyocine, promethazine, Ranitidine, AZITHROMYCIN, ASPIRIN, metronidazole आदि । यस्ता औषधिहरूको दुरुपयोग हुन सक्ने भएकोले यसतर्फ पालिकाले विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

**विस्तृत विवरण बेरूजु दफा ४९.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४९.५ **खोपको अवस्था-** पालिकालाई आवश्यक पर्ने खोपको डोज स्वास्थ्य कार्यालय, पाँचथरबाट प्राप्त हुने पालिकाले जनाएको छ । यस आ.व.मा पालिकालाई देहायका खोपको लागि ६२६९२ डोज प्राप्त भएकोमा ६०३०० प्रयोग भई २३९२ फिर्ता भएको पालिकाबाट उपलब्ध भएको विवरणबाट देखिन्छ । पालिकालाई प्राप्त भएको कोभिड बाहेकको डोज पूरै प्रयोग भएको देखिएको छ । यस सम्बन्धी विवरण अनुसूचीमा उल्लेख गरिको छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

*(विस्तृत विवरण बेरूजु दफा ४९.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

४९.६ **न्यानो झोला कार्यक्रम-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरूको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरूले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका चार बर्थिङ सेन्टरमा गत वर्षको बाँकी रहेको १२० थानको रू.१,०७,८८०।- र यस वर्ष २०० थान को रू.१,७९,८०१ खरिद गरेकोमा गत वर्ष ९१ जना र यस वर्ष ७० जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका २०० थान र चार बर्थिङ सेन्टरमा बाँकी रहेका ५० थान सहित पालिकामा जम्मा २५० थान न्यानो झोला मौज्दातमा रहेका छन् । जुन सङ्ख्या दुई वर्षको प्रसुति दरका आधारमा बढी रहेको देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरू तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ । पालिकामा मौज्दात रहेका न्यानो झोलाको विवरण अनुसूचीमा उल्लेख गरिएको छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

*(विस्तृत विवरण बेरूजु दफा ४९.६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

५० **पि.एस. आइटम** - सार्वजनिक नियमावली, २०६४ को नियम २२ तथा अनूसूची ४ अनुसार काम गर्ने परिस्थिति पूर्वानुमान गर्न नसकिने प्रकृतिको निर्माण कार्य गराउनको लागि लागत सोधभर्ना सम्झौता गर्न सकिने व्यवस्था छ। पालिकाले बिभिन्न ठेक्काको प्रभिजनल सममा राखिएको आईटमवाईज कार्यबापतको रकम भुक्तानी गर्दा निर्माण व्यवसायी वा सेवा प्रदायकबाट खर्चको बिल भरपाई पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले ठेक्काको PROVISIONAL SUM मा राखिएका आईटमवाईज कार्यको बिल भरपाई पेश भएको अवस्थामा मात्र बिलबमोजिमको रकम भुक्तानी दिनुपर्दछ।पालिकाअन्तर्गत सञ्चालित अनुसूचीमा संलग्न ठेक्कामा निर्माण व्यवसायीबाट पेश भएको बिल भरपाईभन्दा बढी PROVISIONAL SUM बापतको रकम भुक्तानी दिएको हुँदा खर्चका सक्कल बिल भरपाई पेश हुनुपर्दछ, अन्यथा असुल गरी राजश्व दाखिला गर्नुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,९५,००९ |

*(विस्तृत विवरण बेरूजु दफा ५० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

५१ **ठेक्का बिल अधावधिक -** ठेक्का बिल अधावधिक- कार्यालयले ५ बेड अस्पताल निर्माण कार्यको ४ वटा र प्रशासकीय भवन निर्माण कार्यको ७ वटा रनिङ्ग बिलहरूबाट रु ९१६१६७६४।०२ भुक्तानी खर्च लेखेको पाईयो । ५ बेड अस्पताल निर्माण कार्यको ४ वटा र प्रशासकीय भवन निर्माण कार्यको ७ वटा रनिङ्ग बिलसम्मको अद्यावधिक ठेक्का बिल अनुसार रू. ८८५१०३४०।६२ मात्र मूल्याङ्कन देखाएको छ । यसरी भुक्तानी भई सकेको रकमलाई अधावधिक ठेक्का बिलमा नदेखाउनाले दोहोरो भुक्तानी हुन सक्ने सम्भावना रहने हुँदा भुक्तानी

रकम र ठेक्का बिल रकम कार्यालयले अद्यावधिक गर्नु पर्दछ । यसरी अधावधिक ठेक्का बिल अनुसारको कार्य मूल्याङ्कन भन्दा बढी भुक्तानी भएको रकम रू.३१,०६,४२३।४० एकिन गरी असुल हुनु पर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,०६,४२३।४० |

**(विस्तृत विवरण बेरूजु दफा ५१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५२ **ब.उ.शि.नं.- ३४७०२१०७४ (फालेलुङ प्रशासकीय भवन निर्माण, खण्ड-३) तर्फ-**

**बिमा दाबी -**

........... *(प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१८ को निर्णयबाट रू.१,८९,७८४ सम्परीक्षण गरिएको ।)*

५३ **नापी किताब -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१ख) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न योजनाको अन्तिम बिल भुक्तानी गर्दा नापी किताबअनुसार वास्तबिक भएको कार्य परिमाणभन्दा ठेक्का बिलमा बढी कार्य परिमाण उल्लेख गरी भुक्तानी दिएको पाइयो । यसरी बढी कार्य परिमाण बापत भुक्तानी भएको रकम रू. १,१३,१०४ सम्बन्धितबाट असुल हुनुपर्दछ । रू.......

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१३,१०४ |

*(विस्तृत विवरण बेरूजु दफा ५३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

५४ **सार्वजनिक निर्माण व्यवस्थापन -** सार्वजनिक निर्माण व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार रहेका छन्-

**निर्माण कार्यको लगत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरूको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष सञ्चालन गरेको योजना निर्माण कार्यको लगत राखेतापनि विगत वर्षदेखि भएको कार्यको लगत अद्यावधिक गरेको देखिएन । यस पालिकाले गत विगत वर्षदेखि सञ्चालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरू समेतको लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

**कार्य सम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको एकीन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ । त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ । तर कार्यालयले सो अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन ।

**सार्वजनिक निर्माणको बीमा -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्टलगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चलगायत उपनियम २ मा लेखिएदेखि बाहेक सम्पूण जोखिम वहन गर्ने गरी बिमा गराउनु पर्ने तथा बिमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले साना ठेक्काहरूमा बिमा नै नगराइ निर्माण कार्य गराएको तथा पेस्की रकम उपलब्ध गराएको एवम् तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी बिमा नगराइ नियमावलीले गरेको

व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ बिमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५५ **परामर्स तथा डीपीआर खर्च -** पालिकाले बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना, डीपीआरलगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ । साथै, यसरी परामर्श सेवा खरिद गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ बमोजिम तयार गर्नुपर्दछ । तर, पालिकाले यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेटबमोजिमकै रकम खर्च गरेको देखिन्छ । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा पालिकाले कानुनबमोजिम लागत अनुमान तयार गर्ने तथा आफ्ने प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै, यसरी तयार भएका अध्ययन प्रतिवेदनमध्ये केही आयोजनाहरूको कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्था हुन नसकेको देखिदाँ आगामी दिनमा उक्त आयोजनाहरूमा आवश्यक बजेटको व्यवस्था गरी आयोजना कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ । यस वर्ष पालिकाले स्वीकृत बार्षिक कार्यक्रमअनुसार अनुसूचीबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

सैद्धान्तिक बेरुजु

*(विस्तृत विवरण बेरूजु दफा ५५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

५६ **अन्य डि.पि.आर. निर्माण खर्च -**

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१६ को निर्णयबाट रू.६५३११३६ सम्परीक्षण गरिएको ।)*

५७ **मुल्य समायोजन -**

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१६ को निर्णयबाट रू. २३२८२१५।- सम्परीक्षण गरिएको ।)*

५८ **एजबिल्ट नक्सा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एजबिल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस वर्ष पालिकामा निर्माण सम्पन्न भएको योजनाहरूमध्ये केही योजना बाहेक अन्य निर्माण सम्पन्न भएका कार्यहरूको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन । सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन । सम्पन्न योजनामा एजबिल्ट नक्सा भएको नपाइएकोले नियममा भएको व्यवस्था अनुसार कार्य हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५९ **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद तथा निर्माण संझौता कार्यान्वयन गर्दा सामान आपूर्तिमा तथा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाअन्तर्गत सञ्चालित बिभिन्न ठेक्काहरूमा प्रयोग हुने निर्माण सामाग्रीहरू रड, सिमेन्ट, गिट्टी, बालुवा, ढुङ्गा, जि.आई.वायर तथा क्युब समेतको गुणस्तर परीक्षण ५ बेड अस्पताल र प्रशासकीय भवन निर्माण जस्ता ठुला ठेक्काहरूको रनिङ्ग बिलमध्ये केही बिलमा मात्र निर्माण सामाग्रीका १, २ आईटमको ल्याब टेष्ट रिपोर्ट संम्लग्न राखेको पाइयो । पालिकाबाट सञ्चालित योजना तथा ठेक्कामा प्रयोग हुने निर्माण सामाग्री तथा क्युबको ल्याबटेष्ट गरेको प्रमाण पेश भएको छैन । जसबाट सार्वजनिक निर्माणमा प्रयोग भएका सामाग्रीहरू तथा निर्माण कार्यको गुणस्तर सम्बन्धमा आस्वस्थ हुन सक्ने अवस्था छैन । यसमा कार्यालयले ध्यान

दिएको पाइएन।

सैद्धान्तिक बेरुजु

६० **भेरिएशन आदेश -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८(१) खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थितिसो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्नु पर्ने भएमा यस नियमावली बमोजिमको प्रक्रिया पूरा गरी जारी गर्नु पर्ने व्यवस्था छ । कार्यालय र हेवा भगवती कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. बिच कालिका मा.वि. प्राङ्गबुङ्ग भवन निर्माण कार्यका लागि मिति २०८०।०१।५ मा सम्झौता भई मिति-२०८०।३।२२ मा कार्य सम्पन्न भएको पाइयो । निर्माण कार्यको भेरिएशन आदेश मिति २०८०।२।२९ मा स्वीकृत गर्दा सुरु सम्झौताको ६.६४ प्रतिशतले सम्झौता रकम बढेपनि ६३ वटा आईटमवाईज कार्यमध्ये १९ वटा कार्य मात्र गरी अधिकांश कार्यहरू गराएको पाइएन । बजेट प्रयाप्त हुँदा हुँदै PCC 1:3:6, Stone Soling Work र Stone Masonry 1:6 work मा अत्यधिक कार्य परिमाण बढाई बाँकी कार्य अधुरो राखेको देखिन्छ । यसरी सम्झौता अनुसारका कार्यहरू नगराई केही कार्यहरूको परिमाण अत्यधिक बढाई वि.ओ.क्युमा उल्लेखित रकमभन्दा लागत बढने गरी भेरिएशन स्वीकृत गरी भुक्तानी दिएको पाइको हुँदा आगामी दिनमा पालिकाले यस्तो भेरिएशन गरी भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६१ **लागत अनुमान -**

.......... ***(प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१६ को निर्णयबाट रू.२०८६९२ सम्परीक्षण गरिएको ।)***

६२ **डि.पि.आर.को लागत अनुमान -**

.......... ***(प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१६ को निर्णयबाट रू.१४९६५५३ सम्परीक्षण गरिएको ।)***

६३ **परामर्श सेवा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्शदाताबाट काम गराउन तयार गर्नुपर्ने लागत अनुमानको आधारको बारेमा उल्लेख छ । सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सवारी साधनहरूको मर्मत संभारको लागत अनुमान र नयाँ खरिद गर्दा लागत अनुमान तयार गर्ने प्रयोजनका लागि निम्नानुसारको फर्मबाट कार्य गराई भुक्तानी गरेको पाईयो । यसरी बार्षिकरूपमा गर्नपर्ने सवारी साधन मर्मत र खरिदको अनुमानित परिमाणको आधारमा कार्य लागत (JOB COSTING) बिधिबाट लागत अनुमान तयार नगरी एकमुष्ट रूपमा कामको अनुपातको आधारमा ठुलो रकम भुक्तानी भएको पाईयो । अन्य सरकारी कार्यालयहरूले सवारी साधनहरूको मर्मतको लागत अनुमान तयार गर्दा सवारी साधन मर्मत गर्ने वर्कसपबाट कोटेशन माग गरी प्राप्त दररेटलाई आधार मानी लागत अनुमान स्वीकृत गर्ने असल अभ्यास रहेको छ भने सवारी साधन खरिदका लागि उपलब्ध भएसम्म नजिकको यान्त्रिक कार्यालयसँग सहयोग लिने, त्यस्तो प्रकृतिको सरकारी कार्यालय नभएको स्थानमा मात्र अन्य परामर्शदाताबाट कार्य गराउनु आर्थिक मित्तब्ययिताका हिसाबले उचित देखिन्छ । पालिकाले बार्षिक रूपमा खरिद गर्ने सवारी साधनको परिमाण अत्यन्त न्युन हुने, सामान्य मर्मतको लागत अनुमान तयारीका लागि मेकानिकल ईन्जिनियरको सेवा आवश्यक नपर्ने हुँदा बार्षिक रूपमा भुक्तानी गर्ने गरी प्राबिधिक राख्नु औचित्यपूर्ण देखिएन । उक्त कार्यका लागि अटोमोबाईल ईन्जिनियर आवश्यक पर्नेमा फर्मसँग सम्बन्धित सो

सम्बन्धि योग्यता प्राप्त ब्यक्ति भए नभएको प्रमाण समेत पेश भएको छैन । सोही प्रकृतिको अझ बढी सवारी साधन भएको फिदिम नगरपालिकाले सोही कार्यका लागि रू.३५००००।- बार्षिक भुक्तानी गरेकोमा यस गाँउपालिकाले रू.५०००००।- बार्षिक भुक्तानी गर्नुको आधार समेत पेश भएन । कार्यालयले सवारी साधन खरिदको समयमा प्राबिधित सहयोगका लागि यान्त्रिक कार्यालय, फिदिमसँग अनुरोध गर्ने र अन्य सामान्य मर्मतको लागत अनुमान तयारीका लागि आफ्नै कार्यालयको मौजुदा प्राबिधिक जनशक्तिबाट सेवा लिनु उपयुक्त देखिन्छ । यसरी JOB COSTING बिधिबाट लागत अनुमान तयार नगरी बार्षिक रूपमा भुक्तानी गर्ने गरी दिर्घकालीन दायित्व सृजना गर्नु नियमसम्मत देखिएन, यसमा नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६४ **डि.पी.आर. तयारी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्शदाताबाट काम गराउन तयार गर्नुपर्ने लागत अनुमानको आधारको बारेमा उल्लेख छ । सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले गाउँपालिका सडक गुरु योजनासम्बन्धी परामर्श सेवा खरिदको लागत अनुमान तयारी तथा सेवा खरिदको प्रकृया सम्बन्धमा देखिएका ब्यहोराहरू निम्नानुसार रहेका छन् ।

(क) परामर्शसम्बन्धी कार्यको लागत अनुमान तयार गर्दा माथि उल्लेखित कुनैपनि आधार लिएको देखिएन । कार्यालयले परामर्श सेवाको बिस्तृत आयोजना प्रतिवेदन तयारी कार्यको लागत अनुमान तयार गर्दा कुनै नर्म्सको प्रयोगबेगर अनुमानका आधारमा लागत अनुमान तयार गरेको पाइयो । कार्यालयले यस्तो प्रकृतिको कार्यको लागत अनुमान तयार गर्दा अन्य संघीय, प्रादेशिक कार्यालयले प्रयोग गर्ने नर्म्स र असल अभ्यासको समेत आधार लिएको छैन । जसबाट खरिद गरिने सेवाको मितव्ययी लागत अनुमान तयार भएको भन्ने अवस्था रहेन । पालिकाले उक्त कार्यको लागत अनुमान अंक रू.१९,८३,६७८।८४ (मू.अ.कर समेत) रहेकोमा लागत अनुमानकै हाराहारी रू. १९,७१,८५०।- (मू.अ.कर समेत) मा कन्सल्टेन्सी फर्म House of Engineering Analysis & Design (HEAD Consultancy Services Pvt. Ltd. Lalitpur बाट कार्य गराउने गरी मिति- २०७९।१२।१० मा सम्झौता गरेको पाइयो।सम्झौता अनुसार उक्त ठेक्काको अवधि मिति-२०८०।३।९ सम्म रहेकोमा लेखापरीक्षण अवधि मिति-२०८०।०५।२० सम्म पनि कार्य सम्पन्न भएको छैन । उक्त ठेक्का बहुबर्षिय नभएको हुँदा पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी बाँकी कार्य गराउनेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

(ख)उक्त ठेक्काको TOR मा परामर्शदाताले गर्नुपर्ने कार्यको बिस्तृत विवरण तयार नगरेको, परामर्शदाताको Turnover को विवरण पेश नभएको, कार्य अनुभव भएको प्रमाण सम्लग्न नरहेको अवस्थामा समेत प्राबिधिक प्रस्ताव र आर्थिक प्रस्ताव स्वीकृत भएको हुँदा ठेक्का प्रकृया नियमसम्मत देखिएन । यस सम्बन्धमा सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

(ग)पालिकाहरूले यस्तो प्रतिवेदन तयार गरेर बढीमा ५ लाखदेखि १५ लाखसम्म खर्च गरेको असल अभ्यास रहेको छ । यस्तो अनुभवबिहिन परामर्शदाताले दिने प्रतिवेदनले गाउँपालिकाको यथार्थ चित्रण गर्न नसक्नुका साथै पालिकाको अध्ययनको आवश्यकतालाई पुरा गर्न सक्दैन । यसरी परामर्श सेवा खरिद गर्दा अनुभवी परामर्शदाताबाट मितव्ययी रूपमा गर्नेतर्फ पालिकाले विशेष ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६५ **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक नियमावलीले तोकेको सिमा भन्दा बढी रकमको वा एउटै ब्यक्ति फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन । त्यस्तै सोही नियमावलीको नियम ८४(१) अनुसार सार्वजनिक निकायले बीस

लाखसम्म लागत अनुमान भएको सार्वजनिक निर्माण वा मालसामान खरिद कार्यको प्रकृतिअनुसार एउटै प्याकेज बनाई लागत अनुमानको सिमाअनुसार दरभाउ पत्रमार्फत् कार्य गराउनु पर्नेमा नमुना भौचर परीक्षण गर्दा अनुसूचिमा संलग्न रहेको सार्वजनिक खरिद कार्य प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी सोझै गराएको देखिन्छ । आगामी दिनमा पालिकाले सोझै खरिद कार्यलाई निरुत्साहित गरी प्रतिस्पर्धात्मक खरिद कार्य गर्नेतर्फ सुधार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

*(विस्तृत विवरण बेरूजु दफा ६५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

६६ **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता निर्देशिका, २०७८ निर्माण गरेकोमा सो निर्देशिकामा उल्लेख कार्यसम्पादनको स्तर निर्धारण वस्तुनिष्ठ र यथार्थपरक रूपमा तयार गरेको छैन । पालिकाले आन्तरिक आयको आधारसमेत मूल्याङ्कन नगरी प्रोत्साहन भत्तामा खर्च गरेको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६७ **महिला स्वयमसेविकालाई प्रोत्साहन भत्ता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले गोश्वारा भौचर नम्बर ६३१।२०८०।०३।२० बाट रु १२५०० का दरले ४० जना महिला स्वयमसेविकालाई वर्षभरीमा रू. ५,००,०००.०० प्रोत्साहन भत्ता बापत रकम भुक्तानी गरेको छ । महिला स्वयमसेविकाले प्रोत्साहन भत्ता सुविधा पाउने कानुनी व्यवस्था नरहेकोले कानुनी व्यवस्था गरी यस्तो सुविधा प्रदान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६८ **कर्मचारीलाई सोधभर्ना भुक्तानी -** पालिकाले हरेक भुक्तानी बैंक खातामार्फत् गर्नुपर्नेमा कर्मचारीलाई सोधभर्ना दिएको देखियो । कर्मचारीलाई सोधभर्ना भुक्तानी गर्दा भुक्तानी भएको रकम सम्बन्धितले पाए वा नपाएको सुनिश्चित हुन नसक्ने तथा पारदर्शितासमेत हुदैंन । पालिकाले आगामी दिनमा यसरी खर्चको शोधभर्ना भुक्तानी गर्ने कार्यलाई पूर्णरूपमा नियन्त्रण गर्नुपर्दछ । जसको केही उदाहरण निम्नानुसार रहेका छन्-

सैद्धान्तिक बेरुजु

*(विस्तृत विवरण बेरूजु दफा ६८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

६९ **बैठक भत्ता -** नेपाल सरकार, अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ को दफा ७.१.१ बमोजिम एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने व्यवस्था छ । तर पालिकाले निर्देशिकामा भएको व्यवस्थाभन्दा फरक पालिकाकै पदाधिकारी/कर्मचारीलाई विभिन्न बैठकको बैठक भत्ताबापत रू.१३,९८,०००.०० भुक्तानी गरेको छ । आगामी दिनमा कानुनमा भएको व्यवस्थाअनुसार मात्र बैठक भत्तामा खर्च लेख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७० **उपभोक्ताबाट घटी श्रमदान -** पालिकाले तयार गरेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट योजना सञ्चालनसम्बन्धी कार्यविधि-२०७४ को दफा ६ मा कार्यविधिको दफा ४ सँग सम्बन्धित उपभोक्ता समिति वा लाभग्राही समुदायबाट हुने निर्माण कार्य वा सो सँग सम्बन्धित सेवाका लागि १० प्रतिशत श्रमदान ब्यहोर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाअन्तर्गत सञ्चालित अनुसूचीमा संलग्न रहेका योजनाहरूमा तोकिएको सिमाभन्दा न्युन जनश्रमदान कट्टी वा श्रमदान नै कट्टी नगरेको पाइएको हुँदा श्रमदानबापतको रकम रू. २८१५६४ सम्बन्धित उपभोक्ता समिति वा लाभग्राही समुदायबाट असुल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,८१,५६४ |

*(विस्तृत विवरण बेरूजु दफा ७० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

७१ **समानुपातिक कट्टी -**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।११।२८ को निर्णयबाट रू.३५८४५ सम्परीक्षण गरिएको ।)*

७२ **पारिश्रमिक कर -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।१२।३० को निर्णयबाट रू.२६७५० सम्परीक्षण गरिएको ।)*

७३ **सामाजिक सुरक्षातर्फ -**

७३.१ सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रू.७,६६,३५,०००/- प्राप्त भएकोमा खर्च नभएको रू.१९,१०,१३८।- बैङ्कबाट फिर्ता गरेको छ । रू.७,४७,२४,८६२।- रकम खर्च देखाई आर्थिक विवरण पेश भएको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छन्:

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २२ उपदफा २ अनुसार अनुसूची-१० बमोजिमको ढाँचामा पालिका र प्राइम कमर्सियल बैङ्क, शाखा कार्यालय, फालेलुङबीच द्विपक्षीय सम्झौता भई पालिकाभित्र रहेका ८ वटै वडाहरूको सामाजिक सुरक्षा भत्ता बैङ्कबाट उपलब्ध गराउँदै आएको छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७३.२ **एम.आई.एस विवरण** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं. १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस. लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । पालिकाबाट बैङ्कलाई पठाएको तेस्रो त्रैमासिकको Forward Feed परीक्षण गर्दा लाभग्राहीहरूको विवरण पूर्ण रूपमा भरेको देखिएन । वडा नं. १ लाई नमुना छनोट गरी परीक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं. नभएको, ना.प्र.नं. दोहोरिएको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको समेत देखियो । एम.आई.एस. विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम.आई.एस. लगत अद्यावधिक गरेरमात्र भत्ता वितरणसम्बन्धी कार्य गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७३.३ **रिभर्सफिड परीक्षण गर्दा -** पालिकालाई बैङ्कबाट चौथो त्रैमासिकको रिभर्सफिड प्राप्त भएको देखिएन । नमुनाको रूपमा पालिकाको वडा नं. १ को तेस्रो त्रैमासिकको रिभर्सफिड परीक्षण गर्दा २० जना लाभग्राहीको खाता नं. नभएको देखियो । जस अनुसार खाता नभएको कारण रू.१,७९,९४०।-बैङ्कमा रहेको देखिन्छ । पालिकाले बैङ्कबाट फिर्ता गरेको रकममा यस वडाबाट खाता नभएको कारण चौथो त्रैमासिकसम्ममा के कति रकम बैङ्कमा रहेको छ, यस सम्बन्धमा पालिकाबाट यकिन गरी फिर्ता हुनुपर्ने भएमा बैङ्कबाट फिर्ता गरी संघीय संचित कोष दाखिला हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७३.४ **सार्वजनिक सुनुवाई -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३५ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७३.५ **अनुगमन -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चलान गर्न नियमित रूपमा अनुगमनको व्यवस्था गरेको छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्यात्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

## ७४ शिक्षा तर्फ-

७४.१ **शिक्षक दरबन्दी र पदपूर्ति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत ६३ वटा बाल विकास केन्द्र, ३१ वटा आधारभूत विद्यालय र १४ वटा माध्यमिक विद्यालयहरू सञ्चालनमा रहेका छन । सञ्चालनमा रहेका ४५ विद्यालयहरूमा शिक्षकको दरबन्दी र पदपूर्तिको अवस्था एवम् विद्यार्थीको संख्या अनुसूचीमा उल्लेख गरिएको छ । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ७४.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७४.२ **विद्यालयगत शिक्षक दरबन्दी, पदपूर्ति र विद्यार्थी विवरण -** पालिका अन्तर्गतको विद्यालयहरूमा रहेको शिक्षकको कुल दरबन्दीमा ४४ प्रतिशत दरबन्दी करारबाट पदपूर्ति भएको देखिन्छ । पालिकाले दरबन्दीमा स्थायी शिक्षक नियुक्तिको लागि ध्यान दिनुपर्ने देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवम् न्यून विद्यार्थी भएका विद्यालयहरू सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ । यस सम्बन्धी विवरण अनुसूचीमा उल्लेख गरिएको छ ।

सैद्धान्तिक बेरुजु

***(विस्तृत विवरण बेरूजु दफा ७४.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

७४.३ **विद्यालय अनुगमन -** सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानव स्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । पालिकाले आ. व. २०७९।८० मा विद्यालयहरूको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिवेदन कार्यालयसँग देखिएन । पालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७४.४ **विद्यालयको नियमन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा सर्वसामान्यतामा असर नपर्ने गरी पालिकाको काम कर्तव्य अधिकारको खण्ड(ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन सम्बन्धी कानुनी व्यवस्था रहेको छ । पालिकाले यस पालिका अन्तर्गतका समुदायिक विद्यालयले विद्यालय लेखा दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर राजश्व खातामा दाखिला गरे नगरेको, कट्टी गरेको नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला भए नभएको, विद्यालय लेखापरीक्षणबाट देखिएको बेरुजु फर्स्यौंट गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको पारिश्रमिक सुविधा अनिवार्य रूपमा बैङ्क खातामार्फत भुक्तानी भए नभएको नियमन गरी प्रतिवेदन गरेको देखिएन ।

सैद्धान्तिक बेरुजु

७४.५ **पालिकाको शैक्षिक अवस्थाः** पालिका अन्तरगत शैक्षिक सत्र २०७९ मा सञ्चालित कक्षा ८ र एस.ई.ई. परीक्षाको नतिजा हेर्दा ग्रेड A र A+ ल्याउनेको संख्या कम देखिन्छ । पालिका अन्तर्गत कक्षा ८ का ३८५ जना र कक्षा १० का एस.ई.ई. दिने ३४३ जना विद्यार्थीले अन्तिम परीक्षा दिएको देखिएको छ । पालिकाले शैक्षिक गुणस्तर अभिबृद्धि गर्नेतर्फ पनि विशेष ध्यान दिनुपर्ने देखिन्छ । पालिकाबाट उपलब्ध भएका कक्षा ८ र कक्षा १० को अन्तिम परीक्षामा सहभागी विद्यार्थीहरूको नतिजा देहायबमोजिम रहेको छः

| क्र. सं. | GPA | GRAD | कक्षा ८ | एस.ई.ई. |
|---|---|---|---|---|
| १ | ०.८-१.२ | D | - | २० |
| २ | १.२-१.६ | D+ | ५ | ८८ |
| ३ | १.६-२.० | C | ९० | १५० |
| ४ | २.०-२.४ | C+ | ५० | ६० |
| ५ | २.४-२.८ | B | १०० | २२ |
| ६ | २.८-३.२ | B+ | ११७ | ३ |
| ७ | ३.२-३.६ | A | ३२ | - |
| ८ | ३.६-४.० | A+ | ८ | - |
| जम्मा | | | ३८५ | ३४३ |

सैद्धान्तिक बेरुजु

